स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



क्षमण सुवेदीको निर्देशनमा बनेको तेस्रो फिल्म 'सतीदेवी' पूर्वघोषित मिति 'साउन ४ गते' बाट झन्डै एक महिना पछाडि सरेको छ । एक पोस्टर सार्वजनिक गर्दै आगामी भदौ ७ गतेलाई फिल्मको नयाँ प्रदर्शन मिति घोषणा गरिएको छ । निर्माण कम्पनी दिलासा क्रिएशनले सोमबार विज्ञप्ति जारी गर्दै केही प्राविधिक कारणले गर्दा फिल्मको प्रदर्शन मिति हेरफेर गरिएको जनाएको छ । मालिका महत रहेको फिल्मले केही फेस्टिभलमा अवार्ड समेत जितिसकेको छ ।

**आजको विचार...**



गुणराज मुक्तान

५२ प्रतिशत...

(दुई पेजमा)

फिल्म 'ड्रिम्स'बाट अभिनेत्री साम्राज्ञी आरएल शाहको 'ड्रिम' डेब्यु भयो । अनमोल केसीजस्ता 'सुपरस्टार' हुँदा पनि उनले आफूलाई छायाँमा पर्न दिइनन् । अभिनयको प्रशंसा र फिल्मको सफलताले उनको करिअर चम्कियो । दोस्रो फिल्म 'ए मेरो हजुर २' पनि हिट हुँदा धेरैले उनलाई अबको 'नम्बर वान नायिका' को रुपमा हेर्न थालेका थिए । तर, त्यसपछि उनको करिअर सोचेजस्तो भएन । तेस्रो फिल्म 'इन्टु मिन्टु लण्डनमा' औसत चलेपछि उनको ओरालो यात्रा सुरु भएको थियो ।



❑ वर्ष २९ ❑ अंक ३३५ ❑ २०८१ असार २० गते बिहीबार 4 July 2024, Thursday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## नारायणगढ–बुटवल सडक

# साउनमा सकिदै सम्झौता, बल्ल ५२ प्रतिशत काम पुरा

**रासस**

**त्रिवेणी (नवलपरासी),** असार १९/ नारायणगढ- बुटवल सडक विस्तार योजनाको दोस्रो पटक थपिएको म्याद आगामी साउन ८ गते सकिँदै छ । विसं २०७५ माघमा सम्झौता भएर सडक विस्तारको काम थालिएको थियो ।

यसबीचमा दुईपटक म्याद थप गरिएको छ । दोस्रो पटक थप गरिएको म्याद सकिने अवस्थामा पुग्दा नवलपरासी पूर्वी खण्डमा ५२ प्रतिशत काम सम्पन्न भएको योजनाका सूचना अधिकारी एवं इन्जिनियर शिव खनालले जानकारी दिए । योजनाको पूर्वी खण्डमा गैँडाकोटको नारायणी पुलदेखि दाउन्नेसम्म ६५ किलोमिटर पर्दछ । चार 'लेन'मा विस्तार गर्ने सडक दुईतर्फी गरेर एक सय ३० किलोमिटर कालोपत्र गर्नुपर्नेमा हाल दुईतर्फी गरेर



४४ किलोमिटर सडक कालोपत्र गर्ने काम सकिएको सूचना अधिकारी खनालले बताए । उनले भने, 'यस खण्डमा यात्रा गर्दा अहिले एकतर्फी २७ किलोमिटर कालोपत्र सडकबाट यात्रा गर्न सकिन्छ ।' कालोपत्र गर्नका लागि ६ दशमलव ६ किलोमिटर सडकमा बेस तयारी अवस्थामारहेको छ । निर्माणको जिम्मा पाएको चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले अहिलेको म्यादरहेको अवधिमा नयाँ थप काम नगरेपनि कालोपत्रको लागि तयारीरहेको खण्डमा कालोपत्र गर्ने योजना बनाएको सडक विस्तार योजना पूर्वी खण्डका योजना प्रमुख आशिष थापा मगरले बताए । बेस तयार भएको काम सके यात्रुलाई छ/सात किलोमिटर थप यात्रामा सहज हुने उनले बताए । हालको भौतिक प्रगति चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले प्रतिवद्धता गरेको भन्दा कम भएको उनको भनाइ छ । 'म्याद थपपछि जति गर्छु भनेको थियो, त्यति भएन, सोअनुसार स्रोत परिचालित पनि भएन, उसको आन्तरिक कारणले पनि होला, अहिले त मौसमले पनि कामलाई घटाएको छ', योजना प्रमुख मगरले भने ।

**बाँकी अन्तिम पेजमा...**

## सहमति देश र जनताको लागि हो भने स्वागतयोग्य छ, पद र सत्ताका लागि भने प्रतित्पादक हुनेछ'

**पाल्पा,** असार १९/नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले काँग्रेस र एमालेबिच भएको सहमति देश र जनताको लागि भएको हो भने स्वागतयोग्य भएको बताएका छन् । नेपाली काँग्रेस रामपुरले नेपाली राजनीतिका शिखर पुरुष गिरिजा प्रसाद कोईरालाको १०१ औं जन्मजयन्तीको अवसरमा रामपुरमा आयोजना गरेको घुम्ती बैठकलाई सम्बाधेन गर्दै उनले राष्ट्रिय सहमतिका विषयमा भएको सहमति फगत सत्ता परिवर्तनका लागि बनाइएको बहानाबाजी मात्र होइन भने स्वागतयोग्य भएको बताएका हुन् ।

सभापति श्रेष्ठले भने 'सरकार परिवर्तन देश र जनताको हितको लागि शासकीय सुधार र संविधान संशोधनका लागि हो भने उचित कदम हो, पद र सत्ताका लागि हो भने त्यो प्रतित्पादक हुनेछ ।' नेपाली काँग्रेसले



आमजनताको चासोलाई केन्द्रमा राखेर एमालेसँग सहमति गरेको उनको बुझाई छ । सभापति श्रेष्ठले जनताले सरोकार राखेको राजनीतिक स्थायित्व, आर्थिक स्थिति सुधार्न र सुशासन जस्ता सहमति बनाउनु अहिलेको आवश्यकता हो ,त्यसलाई काँग्रेसले आत्मसाथ गरेको हामीले बुझेका छौं ।' सभापति श्रेष्ठले कांग्रेसले सरकार बनाउने विषयमा मात्र नभएर राजनीतिक स्थायित्वका लागि सहमति गरेको दाबी गरे । उनले मुलुकमा संघीय गणतन्त्र स्थापना हुनुमा पूर्वसभापति स्व गिरिजाप्रसाद कोइरालाको भूमिका महत्वपूर्ण रहेको स्मरण समेत गरे ।

**बाँकी अन्तिम पेनमा...**

### संक्षिप्त समाचार

## अजिङ्गरको पेटभित्र मृत महिला फेला

**(रासस/एएफपी)**

**माकासर**, इन्डोनेसिया, असार १९/मध्य इन्डोनेसियामा अजिङ्गरको पेटभित्र एक महिला मृत फेला परेको प्रहरीले बुधबार जनाएको छ । आफ्नो बिरामी बच्चाका लागि औषधि किन्न मंगलबार बिहान घरबाट निस्किएपछि ३६ वर्षीया सिरियाटी बेपत्ता भएको र खोजी गर्ने क्रममा उनलाई अजिङ्गरको पेटभित्र मृत भेटिएको प्रहरीले बताएको छ ।

घटनाबारे गाउँ सचिव इयाङलेले भने,'उनका श्रीमान् आदियान्साले दक्षिण सुलावेसी प्रान्तको सितेबा गाउँमा आफ्नो घरबाट करिब ५०० मिटर टाढा भुइँमा मृतकको चप्पल र प्यान्ट फेला पारेको, त्यसको केही समयपछि उनले बाटोबाट करिब १० मिटर टाढा एउटा अजिङ्गर देखेको र उसको पेट धेरै ठूलो देखेपछि आदियान्सालाई शङ्का लागेर गाउँलेहरूको सहयोगमा अजिङ्गरको पेट चिरेका थिए । पेटभित्र उनीहरूले मृतक सिरियाटीको शव फेला पारेका हुन् । गत महिना दक्षिण सुलावेसीको अर्को जिल्लामा जालीदार अजिङ्गरको पेटभित्र एउटी महिला मृत फेला परेकी थिइन् । गत वर्ष प्रान्तका बासिन्दाहरूले एकजना किसानको घाँटी दबाएर खादै गरेको अवस्थामा आठ मिटर लामो अजिङ्गरलाई मारेका थिए । सन् २०१८ मा दक्षिणपूर्वी सुलावेसीको मुना सहरमा सात मिटर अग्लो अजिङ्गरको पेटभित्र ५४ वर्षीया महिला मृत फेला परेकी थिइन् ।

## सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔ,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## जनअपेक्षा पूरा गर्ने अवसरबाट नचुकून

प्रतिनिधिसभाका दुई ठूला दल नेपाली काँग्रेस र नेकपा एमालेले सत्ता सहयात्राको सहमति गरेका छन् । मध्यरातमा प्रमुख दुई दलबीचमा सरकार फेरबदल र संविधान संशोधनसहितका एजेण्डामा सहमति भएसँगै नेपाली राजनीति तरंगित बनेको छ । सहमति अनुसार पहिलो चरणमा एमाले अध्यक्ष केपी शर्मा ओली र दोस्रो चरणमा काँग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बन्ने छन् । दुई दलबीच भएको भनिएको सहमतिमा संघदेखि प्रदेशसम्म सत्ता बाँडफाँटदेखि संविधान संशोधनको विषयसम्म समेटिएको विवरणहरू सार्वजनिक भएका छन् । यद्यपि नेपालको राजनीतिक इतिहासमा भने यो कुनै नौलो र आश्चर्यजनक विषय होइन । तर सांसदको संख्याले बलिया दलको गठजोडको सत्तामा साना दलको लुछाचुँडीलाई अन्त्य गरेको छ । छिनमै गठबन्धन फेरिने क्रममा ब्रेक लागेको छ। यसलाई सकारात्मक रुपमा लिनुपर्छ ।

कुनै पनि दलले बहुमत ल्याउन नसक्नु र मिलिजुली सरकार बनाएर अघि बढ्नुपर्ने बाध्यताले नेपाली राजनीति गुज्रँदै आएको छ । प्रचण्डले सत्ता भत्काउने र बनाउने खेलमा लाग्दा राजनीतिक अस्थिरता उत्पन्न भए पनि जनताले काँग्रेस र एमालेलाई मिलेर सरकार बनाउन आग्रह गरेका थिए । ठूला दल काँग्रेस र एमाले एउटै गठबन्धनमा नआउँदासम्म अस्थिरता कायम हुने मात्रै होइन, एक/ दुई स्वतन्त्र सांसदले समेत सरकार गिराउन सक्ने अवस्था रह्यो । त्यसो हुँदा प्रधानमन्त्री, मुख्यमन्त्रीहरूको मुख्य ध्यान नै सरकार टिकाउनेमै केन्द्रित भयो । अहिले बनेको काँग्रेस र एमाले गठबन्धनले एकाध सिटको बार्केनिङलाई समाप्त गरेको छ । जुन हुनुपर्थ्यो नै । दुई दलको सहमति एक अर्थमा राजनीति स्थिरता तर्फ मोडिएको संकेत हो । अहिले देश अत्यन्त जटिल अवस्थाबाट गुज्रिरहेको छ । हरेक क्षेत्रहरुमा बढ्दो निराशा व्याप्त छ । एक पछि अर्को भ्रष्टाचारका काण्डहरुले देशको भविष्यलाई असुरक्षित बनाइरहेका छन् । देशमा रोजगारी उपलब्ध नहुनाले दैनिक हजारौं नेपालीहरु विदेशमा काम खोज्दै भौंतारिनुपर्ने बाध्यता छ । जनतामा सुशासनको प्रत्याभूति हुन सकेको छैन । यो अवस्थामा वर्तमान सरकारको विकल्पको खोजी हुनु अस्वाभाविक छैन । हालको अस्थिर राजनीतिलाई तत्कालै किनारा लगाउनका लागि पनि नेपाली काँग्रेस र एमालेको सहकार्यलाई राम्रै मान्नु पर्छ । यसर्थ यो गठबन्धनले जनचाहना अनुरूप लामो समय काम गर्न सकोस् । यो अवसरबाट नयाँ गठबन्धन जनअपेक्षा पूरा गर्नबाट नचुकोस् ।

### Opinion @ Social Network

अरुलाई बदल्न सकिदैंन,
बदल्ने भनेकै आफु र आफ्नो सोच हो ।
*(सपना बस्नेतको फेसबुक स्टाटसबाट www.facebook.com//sapana.Basnita.)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# ५२ प्रतिशत अनुत्तीर्ण हुनुमा दोषी को ?



**गुणराज मुक्तान**

***विद्यालय संख्याका आधारमा अनिवार्य विषयको अंग्रेजी, गणित, विज्ञान, नेपाली र सामाजिक विषयको पढाइ हुन न्यूनतम ३६ हजार ८० शिक्षक आवश्यक छ, तर सामुदायिक विद्यालयमा ४६ प्रतिशत अर्थात् १६ हजार ५६० विषयगत शिक्षक दरबन्दी अपुग छ । अंग्रेजी, गणित र विज्ञान पढाउने न्यूनतम तीनजना शिक्षक व्यवस्थापन भएको माध्यमिक विद्यालय जम्मा दुई हजार २०९ वटा अर्थात् ३० प्रतिशत मात्रै छ । पाँच हजार सातवटा अर्थात् ७० प्रतिशत विद्यालयमा तीन विषयकै पठनपाठन गर्ने शिक्षक छैनन् । एक हजार ७३१ वटा अर्थात् २४ प्रतिशत माध्यमिक विद्यालय शून्य दरबन्दीमा चलिरहेका छन् । ९०० वटा माध्यमिक विद्यालय एकवटा राहत दरबन्दीको भरमा चलिरहेको छ । यी सबै प्रकारको माध्यमिक विद्यालयमा पठनपाठन गर्ने विद्यार्थी एसईई परीक्षा २०८० मा सम्मिलित भए, ४८ प्रतिशत ग्रेडेड र ५२ प्रतिशत ननग्रेडेड हुन पुगे ।***

***हाम्रो संविधानमा आधारभूत र माध्यमिक तहको शिक्षा अनुसूची ८ अन्तर्गत स्थानीय तहको एकल अधिकारको सूचीमा समावेश छ । अनुसूची ९ को साझा अधिकारको सूचीमा पनि शिक्षा रहेको छ । विभिन्न तहको सरकारका बिचमा शिक्षा मेरो हुनुपर्छ भन्ने कोणबाट ठुलो बहस उठेको छ । शिक्षा ऐन निर्माण प्रक्रियाको सबैभन्दा पेचिलो विषय यही हो, तर एसईई परीक्षा २०८० को नतिजा सार्वजनिक भएपछि यसको जिम्मेवारी कसैले लिएन ।***

एसईई परीक्षा २०८० को नतिजा प्रकाशनपछि संसद्, सामाजिक सञ्जाल र समाजमा विभिन्न कोणबाट प्रश्न उठिरहेका छन् । हिजोसम्म परीक्षामा अनुत्तीर्ण हुँदा विद्यार्थी मात्रै अनुत्तीर्ण हुन्थे । राम्रो पढेनन्, ध्यान दिएनन्, पढ्नभन्दा खेल्नतिर ध्यान गयो भनेर सबै दोष विद्यार्थीले बोक्नुपर्थ्यो । यस वर्षको नतिजा प्रकाशनपश्चात् प्रश्न र दोष शिक्षक, विद्यालय र सरकारतिर सोझिएको छ ।

यसरी प्रश्नको निसाना फेरिनुलाई सकारात्मक रूपमा लिन जरुरी छ । सरकारले पर्याप्त शिक्षक उपलब्ध गराउन सक्दैन र विद्यार्थी फेल हुन्छ; व्यवस्थापन समितिले उपयुक्त सिकाइ सामग्री र कक्षा कोठा व्यवस्थापन गर्न सक्दैनन् अनि विद्यार्थी फेल हुन्छ; शिक्षकले राम्रोसँग पढाउन सक्दैनन् र विद्यार्थी फेल हुन्छन्– यसरी सिस्टमले काम नगर्ने तर विद्यार्थी अनुत्तीर्ण हुने कहिलेसम्म ? कमजोरी एउटाको सजाय अर्कालाई कहिलेसम्म ? अब कमजोरी गर्ने सही पक्षतिर निसाना सोझिएको हो र जिम्मेवारी लिन सम्बद्ध पक्ष तयार हुने हो भने अर्को वर्षको परिणाममा सकारात्मक परिवर्तन आउन सक्छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको तथ्याङ्क हेर्दा राहत, करार र स्थायी गरेर जम्मा १९ हजार ५२० शिक्षक माध्यमिक तहमा कार्यरत छन् । कक्षा ९ र १० सञ्चालन भएको सामुदायिक विद्यालय सात हजार २१६ वटा छन् । कक्षा ९ र १० मा आठ लाख ३१ हजार विद्यार्थी अध्ययनरत छन् ।

विद्यालय संख्याका आधारमा अनिवार्य विषयको अंग्रेजी, गणित, विज्ञान, नेपाली र सामाजिक विषयको पढाइ हुन न्यूनतम ३६ हजार ८० शिक्षक आवश्यक छ, तर सामुदायिक विद्यालयमा ४६ प्रतिशत अर्थात् १६ हजार ५६० विषयगत शिक्षक दरबन्दी अपुग छ । अंग्रेजी, गणित र विज्ञान पढाउने न्यूनतम तीनजना शिक्षक व्यवस्थापन भएको माध्यमिक विद्यालय जम्मा दुई हजार २०९ वटा अर्थात् ३० प्रतिशत मात्रै छ । पाँच हजार सातवटा अर्थात् ७० प्रतिशत विद्यालयमा तीन विषयकै पठनपाठन गर्ने शिक्षक छैनन् । एक हजार ७३१ वटा अर्थात् २४ प्रतिशत माध्यमिक विद्यालय शून्य दरबन्दीमा चलिरहेका छन् । ९०० वटा माध्यमिक विद्यालय एकवटा राहत दरबन्दीको भरमा चलिरहेको छ । यी सबै प्रकारको माध्यमिक विद्यालयमा पठनपाठन गर्ने विद्यार्थी एसईई परीक्षा २०८० मा सम्मिलित भए, ४८ प्रतिशत ग्रेडेड र ५२ प्रतिशत ननग्रेडेड हुन पुगे ।

हाम्रो संविधानमा आधारभूत र माध्यमिक तहको शिक्षा अनुसूची ८ अन्तर्गत स्थानीय तहको एकल अधिकारको सूचीमा समावेश छ । अनुसूची ९ को साझा अधिकारको सूचीमा पनि शिक्षा रहेको छ । विभिन्न तहको सरकारका बिचमा शिक्षा मेरो हुनुपर्छ भन्ने कोणबाट ठुलो बहस उठेको छ । शिक्षा ऐन निर्माण प्रक्रियाको सबैभन्दा पेचिलो विषय यही हो, तर एसईई परीक्षा २०८० को नतिजा सार्वजनिक भएपछि यसको जिम्मेवारी कसैले लिएन । स्थानीय सरकारले एकल रूपमा लिनुपर्ने हो कि सबै तहको सरकारले साझा रूपमा लिनुपर्ने हो ? ५२ प्रतिशत ननग्रेडेड विद्यार्थीको जिम्मा कसको हो ? नेपालको शिक्षासम्बन्धी कानुनमा विद्यार्थीले सिकेन भने वा विद्यार्थी अनुत्तीर्ण भयो भने को दोषी हुने, कसलाई सजाय हुने र को दण्डित हुने भन्ने किटान छैन । विभिन्न कारणले बालबालिकाले पढ्न नपाएर अनुत्तीर्ण हुनुको दोष र सजायको भागिदार ऊ स्वयं हुनुको विकल्प रहेन । नेपाल सरकारको उच्चपदस्थ अधिकारी दुई-चार लाखको कुनै अनियमिततामा सही गरेको र साक्षी बसेको छ भने निलम्बनमा परेर जेल जानुपर्छ । कुनै जनप्रतिनिधिले नचिनेर गलत मान्छेलाई सिफारिस गरेको पाएमा जेल जानुपर्छ । कुनै शिक्षकबाट विद्यार्थीलाई सामान्य दुर्व्यवहार भएको ठहरेमा जेल जानुपर्छ । विद्यालय निर्माणको योजनामा दुई-चार लाख अनियमितता भएको ठहरेमा विद्यालय व्यवस्थापन समिति जेल जानुपर्छ, तर दुई लाखभन्दा बढी विद्यार्थी अनुत्तीर्ण हुँदा किन कसैलाई सजाय हुँदैन ? शिक्षामा जिम्मेवारी र जवाफदेही किटान हुनैपर्छ । अर्थात् दोषको भागिदार कोही हुने व्यवस्था गर्नैपर्छ । विद्यालय शिक्षाका लागि सरकार सरकारको रूपमा भन्दा पनि दाताको रूपमा रह्यो– सकेको अनुदान उपलब्ध गराउने र अरू मतलब नगर्ने । विद्यालय व्यवस्थापन समितिले समुदाय र दाता जोडिदिने मात्रै भयो, अभिभावकको प्रतिनिधिका रूपमा प्राज्ञिक भूमिका दिन सकेन । शिक्षकको कार्यसम्पादन विद्यार्थीको सिकाइसँग जोडिएन । विद्यार्थी उत्तीर्ण र अनुत्तीर्णले शिक्षकको पेसामा कतै फरक परेन । शिक्षक अभिभावक सैलाई आलङ्कारिक बनाइयो र पारदर्शितामा मात्रै अलमल्याइयो । गुणस्तर कसैको पनि जवाफदेहितामा परेको देखिँदैन । गुणस्तरीय शिक्षाका बारेमा बोल्न, लेख्न र अपेक्षा राख्न जति सजिलो छ, सर्वस्वीकार्य रूपले यसलाई परिभाषित गर्न र प्राप्त गर्न उत्तिकै कठिन छ । गुणस्तरीय शिक्षा के हो ? परीक्षाको प्राप्ताङ्क मात्रै हो कि, नैतिक आचरण हो कि, व्यवहारमा परिवर्तन हो कि, सीपमा परिवर्तन हो कि, विद्यार्थीले पाउने रोजगारी हो कि, उसले गर्ने उत्पादन हो कि– गुणस्तर मापनको आधार के हुने ?

जेहोस्, एसईई परीक्षा २०८० को नतिजाले सबैलाई झस्काएको छ । विद्यालय शिक्षाको सबैखाले गुणस्तरको मापन एसईईले मात्रै गर्दैन, तीनघन्टे परीक्षाकै सन्दर्भमा विभिन्न प्रश्न छन् । परीक्षाको केही अगाडिसम्म सम्झिएर परीक्षाको समयमा बिर्सियो भने विद्यार्थी फेल हुन्छ । परीक्षा दिने बेलासम्म सम्झिने विद्यार्थी पास हुन्छ । परीक्षाको दिनसम्म सम्झिएर पास त भयो, तर परीक्षाको भोलिपल्ट बिर्सियो भने त्यस्ता विद्यार्थीलाई के मान्ने ? पास कि फेल ? स्मरणलाई मात्रै सिकाइ मान्ने कि नमान्ने ? यसमा सोच्न जरुरी छ । कक्षा १० को परीक्षालाई यसरी सबैलाई ऐँठन गराउने खालको बनाउनु आवश्यक छ कि छैन ? यसको उद्देश्य निर्णयात्मक हो कि निर्माणात्मक ? कक्षा १० पास गर्दैमा ११ कक्षा पढ्नेबाहेक अरू के गर्न मिल्छ ? कक्षा ९ र ११ मा उत्तीर्ण र अनुत्तीर्ण हुँदा विद्यार्थी, अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समिति र सरकार कसैको मान-प्रतिष्ठा र इज्जतमा घटबढ हुँदैन तर १० कक्षाको परीक्षालाई किन यति शक्तिशाली बनाइयो ? यसका बारेमा विभिन्न पक्षबाट मत आउन सक्छन् । यसबाट पार्ने सकारात्मक र नकारात्मक दुवै परिणामतिर गम्भीर भएर सोच्न आवश्यक छ । जुन विद्यालयले कक्षा १० को परीक्षालाई केन्द्रित गरेर तयारी गरेको छ, त्यो विद्यालयको नतिजा निश्चय पनि राम्रो छ ।

जुन विद्यालयमा विद्यार्थीबाट शुल्क लिइन्छ, त्यहाँ विद्यार्थी संख्या घट्दा र बढ्दा प्रत्यक्ष असर गर्छ, त्यहाँ परीक्षामा नतिजा राम्रो ल्याउन सबैले पक्कै पनि सबैखाले मिहिनत गर्छन् । अब विद्यार्थी उत्तीर्ण हुनकै लागि शुल्क नलिने विद्यालय छाडेर शुल्क लिने विद्यालयतर्फ पो केन्द्रित हुन्छन् कि ? सरकारले घुमाउरो बाटोबाट यही परिणाम खोजेको हो कि ? गम्भीर हुन आवश्यक छ ।

***(मुक्तान सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ नेपालका अध्यक्ष हुन् ।)***

***-रातोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०७९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लब तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : विभिन्न अवसर जुरनेछ । मुद्दा मामिलामा सफलता मिल्नेछ । | **तुला** : धन हात पर्न सक्छ । वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । |
| **वृष** : मध्यम खालको दिन छ । सभासमारोहमा सरिक हुने अवसर मिल्नेछ । | **वृश्चिक** : काममा ढिलासुस्ती हुनेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ । |
| **मिथुन** : कुलतमा मन जान सक्छ । परिवारमा झैझमेलाको अवस्था आउला । | **धनु** : छोटो दुरीको लाभदायक यात्रा हुनेछ । वाहन सुख पनि मिल्नेछ । |
| **कर्कट** : मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । वस्त्र पनि लाभ हुनेछ । | **मकर** : मनमा शान्ति छाउनेछ । आँटेको र ताकेको कार्य पुरा हुनेछ । |
| **सिंह** : शुभकार्यको चर्चा चल्नेछ । आर्थिक क्षेत्र मजबुत हुने देखिन्छ । | **कुम्भ** : घरायसी विवाद बढ्नेछ । चोटपटक पनि लाग्न सक्नेछ । |
| **कन्या** : विभिन्न अवसर जुनेछ । आत्मविश्वास र पराक्रममा वृद्धि हुनेछ । | **मीन** : उमङ्ग र उत्साह छाउला । प्रेम र मित्रताको बन्धन कसिने बेला छ । |





बालकथा

# हानथाप

आपसमा सद्भाव, सहयोग र सहकार्य भए जस्तोसुकै समस्या पनि समाधान गर्न सकिन्छ, होइन मै ठूलो, मै जान्ने, मै सुन्ने, मैले भनेकै हुनुपर्छ र सर्वप्रथम मैले नै पाउनुपर्छ भन्न थालियो भने भुइँ न भाँडाको हुन पुगिन्छ । यहाँ यस्तै एउटा कथा प्रस्तुत छ, जसलाई पढेपछि भाइबहिनीहरू आफैँ प्रष्ट हुने छौ । धेरै पहिलेको कुरा हो । एउटा देशमा दुईवटा गाउँ थियो, नदीको वारि र पारि । गाउँहरू नजिककै भए पनि बीचमा रहेको नदीले दुई भागमा छुट्याएको थियो । गाउँलेहरू कसैको खेतबारी वारि थियो, कसैको पारि । अर्थात् घर वारि हुनेको खेतबारी पारि थियो । पारि हुनेको वारि थियो । बरोबर वारिपारि गरिरहनुपर्ने भएकाले उनीहरूले नदीमाथि सानो पुल बनाएका थिए । पुल साह्रै सानो थियो, एकपटकमा एक जना मात्र वारिपारि गर्न सक्थे । छेउछाउमा छेकबार केही थिएन । गाउँलेहरू निकै होसियारी पूर्वक आलोपालो गरी वारिपारि गर्थे । एक दिनको कुरा हो पल्लो गाउँका कुनै व्यक्ति त्यतैबाट आए । उनी पुलमाथि चढ्न मात्र भ्याएका थिए पारिबाट पनि अर्को मानिस चडे । ठीक बीच भागमा पुगेपछि भेट भयो । दुवै मुखामुख गर्न लागे । एकले अर्कोलाई बाटो छाडी देला कि भनेर एक छिन पर्खे पनि तर दुवै टसमस भएनन् । आँखाको भावमा दुवै एकले अर्कोले छाडिदिनुपर्छ भन्थे र पर्खी बस्ने गर्थे । निकै बेरसम्म पर्खँदा पनि दुवै टसमस नभएपछि पहिले चढ्नेले भन्यो- 'के हेरेको भाइ ! बाटो छाडिदेऊ न ।' दोस्रोले भन्यो-'यही कि मलाई अलि हतार छ । त्यसैले तिमीले नै छाडिदिन्छौ कि भनेर हेरेको ।! 'मैले छाडिदिनुपर्ने रे '! 'हो, त्यही सोचेको हुँ ।! 'किन र ? पहिले चढ्ने त मै हुँ । त्यस हिसावले पनि पहिलो पालो मैले पाउनुपर्छ होइन र ?! 'भनिहालें नि अलि हतार भनेर । पहिले जो चडे पनि के फरक पर्छ र ? समभदारीको कुरा हो जसले छाडिदिए पनि भइहाल्यो नि ।! 'कहाँ त्यसो भनेर हुन्छ । पहिले चढ्ने पनि मै, तिमीभन्दा जेठो र बलियो पनि मै, अनि बाटो पनि मैले नै छाडिदिनुपर्ने ? यो हुँदैन । तिम्रो हतार तिमीसँगै राख भाइ' पहिलो पालो मैले नै पाउनुपर्छ ।! 'यस्तो कुरामा जेठो र कान्छो भन्ने हुँदैन । पुल दुवैको हो, दुवैको बराबरी हक लाग्छ । जहाँसम्म को पहिले चडेको भन्ने कुरा छ त्यसको कुनै तुक छैन । होला पहिलो पाइलो तिमीले नै राखेको तर चडेको त मैले पनि सँगसँगै हो । अलि बढी नै हतार भएकाले विनम्रापूर्वक भन्दैछु बाटो तिमीले नै छाडिदिनुपर्छ । होइन भने'!! 'होइन भने रे ? त्यस्तो धुर्की ? कै नै गर्न सक्छौ र यस्तो धुर्की देखाउँदै छौ ?! 'धुर्की होइन भाइ ' यथार्थ हो । जे पनि हुन सक्छ ? परेपछि जे पनि गर्न सकिन्छ ।! 'जे पनि गर्न सकिन्छ रे ? लौ हेरौँ त के गर्न सक्दा रहेछौ ।! यसरी उनीहरूबीच भनाभन बढ्दै गयो र अन्ततः हात हालाहालको हवस्था सिर्जन भयो । दुवै मुड्की कसेर एक अर्कोसँग लड्न लागे । लड्दालड्दै रिसको झोकमा सन्तुलन बिग्रन पुग्यो र दुवै नदीमा खसेर विपत्ता भए । त्यसको लगत्तैजसो अर्का दुई सज्जन त्यसैगरी वारि र पारिबाट पुलमा चडे । उनीहरूको पनि भेट बीच भागतिरै भयो तर उनीहरूले भने हानाथाप गरेनन् । न पहिले को चडेको थियो भन्ने कुरामै विवाद भयो । एउटाले अर्कोलाई सम्बोधन गर्दै भने-'महाशय ' पुल सानो छ । दुवै एकैसाथ वारपार हुन सक्दैनौं । त्यसैले म सुतिदिन्छु । तपाईं ममाथिबाट पार हुनुहोला । त्यसपछि म जान्छु ।! उनको कुरा सुनेर अर्काले भने- 'सदाशयका लागि धन्यवाद । यसलाई सम्भिराख्ने छु र अवसर पाइयो भने कुनै बेला गुन तिर्नेछु ।! यति भनेर खुसी हुँदै उनी गए । त्यसपछि अर्कोले उठेर आफ्नो बाटो समाए । आपसमा समजदारी देखाएकाले दुवै सकुल आ-आफ्नो गन्तव्यमा पुगे । यो एउटा दृष्टान्त हो । जहाँ पनि हानाथापको नतीजा दुःखद नै हुन्छ र मेलमिलापको नतीजा सुखद । हानाथाप गर्न थाले हातलागि केही हुँदैन । समजदारीले काम गरे गन्तव्यमा पुग्न गाह्रो पर्दैन । -रातोपाटी डटकम

## लाग्यो बर्खा



विमला पाण्डे

खै के को वर्ष ,खै के को हर्ष,
गरिबीको दलदल ले हत्या नै गर्छ ।

उफ ! लाग्यो अब बर्खाको लर्को,
साहुको ऋणको व्याज नै चर्को ।।

चयनको निद्रा लिन पनि डर छ,
पानी ओइरिन्छ र पहिरो कताबाट झर्छ ।

परिवेश उस्तै घरको चुहिने छानो,
श्रम नगरे पुग्दैन साँझ बिहानलाई मानो ।।

व्याथा कसलाई सुनाउँ दुःखी त छु नै,
अधुरो अबस्थाले गर्दा लेख्या रैछ रूनै ।

खबर सुन्छु, परिवार नै बने एउटै चिहान,
अतासिदै जान्छ रात, कहिले हुन्छ सुनौलो बिहान ।।

मितेरी बन्यो समस्या, बाँधिए म यसैमा
प्रकृतिले पनि थप चुनौती दिँदै छ त्यसैमा ।

मन भारी, थकान सङ्टै टिप्छु म एकएक गाँस,
कताबाट सोर्छ र हुन्छु म छिन मै लास ।।

एउटा भको धर ढल्यो निभ्यो आशाको दियो,
बर्खा नामको विनाशले सिङ्गो परिवार नै लियो ।

भोग्नु पर्छ दुःखीलाई दुस्खले कहिले छोड्न,
के लिएर आएछु भाग्यले पनि मेरो गति मोड्न ।।

## सामान्य ज्ञान

१. नेपाल सरकारले ज्येष्ठ नागरिक स्वास्थ्य बिमा तथा सबै नेपालीको बैंक खाता कार्यक्रम कहिलेबाट सुरु गऱ्यो ?
उत्तरः २०७६ बैशाख १ गते

२. पुरातात्विक महत्व बोकेको धार्मिक एवं ऐतिहासिक स्थल किच्चकबध क्षेत्र नेपालको कुन जिल्लामा पर्दछ ?
उत्तरः झापा (किच्चकबध क्षेत्र महाभारतकालीन घटना संग जोडिएको छ ।)

३. व्यवसायिक रुपमा पाँचौ पुस्ता (5G) सेवा सञ्चालन गर्ने पहिलो देश कुन हो ?
उत्तरः दक्षिण कोरिया

४. "लाल चोक" कुन दरबार भित्र रहेको चोक हो ?
उत्तरः पचपन्न झ्याले दरबार

५. काजकिस्तानले आफ्नो देशको राजधानीको नाम परिवर्तन गरी के नामाकरण गरेको छ ?
उत्तरः नुर सुल्तान

६. "चराई मिलन पर्व" कुन समुदायमा प्रचलित पर्व हो ?
उत्तरः पश्चिम नेपालमा बस्ने राना थारु समुदाय

७. "चिरै भजहर पर्व" कुन जातिसंग सम्बन्धित रहेको छ ?
उत्तरः थारु

८. "जितलाई जसले पनि आत्मसात गर्न सक्छ भने हारलाई बहादुरले मात्र पचाउन सक्छ" । यो भनाइ कसको हो ?
उत्तरः एडोल्फ हिटलर

९. ४०० मिटर लामो नेपालको एक मात्र मानव निर्मित सुरुङ कसको पालामा बनाइएको थियो ?
उत्तरः श्री ३ चन्द्रशमशेर

१०. सात पहाडहरुको शहर (City of Seven Hills) भनेर कुन सहरलाई चिनिन्छ ?
उत्तरः रोम (इटाली)

११. सुपारी विवाह कुन जातिमा प्रचलित छ ?
उत्तरः धिमाल

१२. नेपाली भाषाका प्रथम कवि कसलाई मानिन्छ ?
उत्तरः सुवानन्द दास

१३. राउटे समुदायले केवल बाजामात्र बजाएर नाच्ने नाचलाई के भनिन्छ ?
उत्तरः बैशाली

-साभार : प्रशासन डटकम

निबन्ध — मित्रलाल पंज्ञानी

# मेरो छोरो हावा छ

*बालकहरूले सङ्केतको भाषा बुझिहाल्छन् । अझ अनजानमा भएको गल्तीमा दण्डित गर्नु त अत्यन्त नकारात्मक हुन जान्छ । आजका मितिदेखि आफ्नो छोरालाई 'हावा छ' भन्न छाडिदिनोस् । कसैसित पनि यसो नभन्नुस् । भन्दै नभन्नोस् । मसित पनि अब उप्रान्त नभन्नोस् । बालकलाई पनि नभन्नोस् । उसको पनि मर्यादा हुन्छ । उसलाई बालोचित व्यवहार गर्नुस् । मान्छेहरूको माझमा बसेको बेला'यो हावा छ' भन्नुभयो भने उसले अपमान बोध गर्दछ । यसबाट उसमा हीनताभास पैदा हुन पनि सक्दछ अथवा भित्रभित्र ऊ तपाईंसित चिढिन पनि सक्दछ । उसलाई शान्त रहन दिनुस् । प्रसन्न रहन दिनुस् । गतिशील हुन छाडिदिनुस् । अर्तीको थुप्रो लगाएर हुँदैन । उसले बुझ्ने भाषामा कर्तव्यको औचित्य पुष्टि गर्नोस् र त्यो सिद्धिका निमित्त सहयोग गर्नुहोस् ।*

'मेरो छोरो हावा छ' भनिन् उनले । आफ्नो सात वर्षे छोराको चञ्चले चरित्रमाथि गुनासो थियो उनको । जवाफमा मैले ठट्टा मिश्रित खुसी व्यक्त गरें, 'हावा हुनु राम्रो त हो नि ! हाम्रो प्राण धान्ने प्राणवायु अक्सिजन नै हावामा छ । एकछिन हावामा सास फेर्न नपाउने हो भने खुस्रुक्कै मरिन्छ । मर्न त बेरै लाग्दैन । हावा हुँदैनथ्यो भने यो पृथ्वीमा प्राणी र वनस्पति केही पनि हुँदैनथ्यो । हामी कोही पनि हुँदैनथ्यौं । हावा अमूल्य छ । यो गर्मी याममा मान्छेहरू हावा चलेन भनेर मुहारमा पङ्खाले हम्कन्छन् । पङ्खा नहुनेहरू हातैले वा पातैले भए पनि हम्कन्छन् । कोठामा बसेकाहरूमध्ये कतिले सिलिङ्मा, भित्तामा अथवा टेबुलमा राखेर फ्यान चलाउँछन् । अलि हुनेखानेले त चिसो हावा लिनका निमित्त एसी नै चलाउँछन् । तपाईंको त आफ्नो घरमा आफ्नै सन्तान हावा छ । यो खेदको विषय होइन । खुसीको विषय हो । तपाईंलाई बधाई छ ! हावामा अक्सिजन मात्रै भएको पनि कहाँ हो र ! यसमा नाइट्रोजन र कार्बन डाइअक्साइड लगायतका अनेक ग्यासहरू छन् । नाइट्रोजनले बोटबिरुवामा क्लोरोफिल बनाउन मद्दत गर्छ, बोट बिरुवाको तीव्र वृद्धि र विकासमा सहयोग पुऱ्याउँछ । प्रकाश संश्लेषण क्रियाका लागि हरिया वनस्पतिहरूले कार्बन डाइअक्साइड ग्यासको प्रयोग गर्दछन् । तपाईंलाई थाहा छ, प्रकाश संश्लेषण क्रिया 'Photosynthesis' कति महत्त्वपूर्ण छ ? यो भनेको बिरुवाले आफ्ना लागि खाना बनाउने प्रक्रिया हो । क्लोरोफिलको मद्दतले घाम लागेको बेला बोटबिरुवाले आफ्ना हरिया पातहरूद्वारा हावाबाट कार्बन डाइअक्साइड र भुइँबाट पोषणयुक्त पानी लिएर आफ्नालागि भोजन 'कार्बोहाइड्रेट' निर्माण गर्दछन् र अक्सिजन बाहिर फ्याँक्दछन् । यसरी सजीव कोशिकाहरूद्वारा प्रकाशको ऊर्जालाई रासायनिक ऊर्जामा परिवर्तित गर्ने क्रियालाई नै प्रकाश संश्लेषण भन्दछन् ।

हामीले खाने सम्पूर्ण अन्न र फलफूल यिनै वनस्पतिको यही क्रियाको प्रतिफल हो ।' उनको कुरै नसुनीकन पण्डित पल्टेर बोल्दा बोल्दै म धेरै बेरसम्म बरर्र बोलिरहेछु । झसङ्ग भएँ र उनको अनुहारमा हेरें । कहिले यो बोलिसक्ला र पालो पाउँला भनेझैं गरी पर्खेकी हुन् जस्तो लाग्यो र आफ्नो बोलीमा ब्रेक लगाएँ । म चुप लागेपछि फेरि उनी बोल्न सुरु गरिन् । 'मैले गम्भीर कुरा गरेको, दाइले ठट्टामा उडाइदिनुभयो' भनिन् उनले । विद्यालयका शिक्षकहरूले'यो बाबु अत्यन्त प्रतिभाशाली छ, पढाएको कुरो टपक्कै टिप्छ, यसको स्मरण शक्ति पनि बेजोड छ, तर आफैं मिहेनत गरेर पढ्दैन, खालि खेल्नमा ध्यान दिन्छ, अलि हावा छ' भनिदिँदा रहेनछन् । घरमा पनि'पढ्' नभनीकन पुस्तकै नसमाउँदा रहेछन् । तब उनलाई'आफ्नो छोरो हावा नै हो' भन्ने लागेको रहेछ । उनको गम्भीरतालाई ख्याल गरेर अब म पनि गम्भीर भएँ । बिचरीको फदयमा चोट पारें कि के हो ! अलि अलि डर पनि लाग्यो । रूक्ष वाणीले उथलपुथल पारेको मनोदशालाई शमन गर्ने आशयले अलि ओर्लेको स्वरमा उनलाई सान्त्वना दिन थालें । 'बालकहरू चञ्चल हुनु राम्रो कुरा हो । कति बेला कति बेला सुट्ट सुट्ट कता कता पुगिसक्ने हुनाले तपाईंले हावा भन्नुभयो । ऊ यसरी भागेर जाने मुख्य ठाउँ उसका बालसाथीहरू जमघट हुने स्थान होला ! वास्तवमा यो हावापन सकारात्मक छ । बालकमा यो चाञ्चल्य संसार पढ्नका निमित्त प्रकृतिले नै दिएको हो । यो चञ्चलता प्रकृतिप्रदत्त अनन्त जिज्ञासा र कर्मण्यताको वृत्ति हो । जतिबेला पनि पुस्तकै समातेर पढ्न बसिराखोस् भन्ने तपाईंको चाहना अवैज्ञानिक छ । ज्ञान पुस्तकमा मात्रै छैन । यो त जीवनमा र जगतमा जताततै छरिएको छ । बालक उसको अज्ञात चेतनाबाटै अनुप्रेरित भएर, म संसार पढ्न निस्केको छु भन्ने थाहा नपाईकनै, संसार पढ्न बाहिर निस्केको हुन्छ । खेल्ने साथीहरू सितको घनीभूत साहचर्यबाट पनि धेरै कुरा सिकिन्छ । त्यसमा भिन्नभिन्न परिवारका भिन्नभिन्न चरित्रको अन्तरघुलन हुन्छ । यो खेलले सद्चेपन मिल्काइदिन्छ । चुनौतीहरूलाई डटेर सामना गर्ने चरित्रको निर्माण गरिदिन्छ । समूहमा काम गर्ने र हारजितलाई स्वाभाविक रूपमा लिने बानीको विकास हुन जान्छ । यो चाञ्चल्यका कारणले नै बालकहरूको दिमाग ताजा हुन्छ । बाँकी सम्पूर्ण बोझहरू दिमागबाट उडेर जान्छन् । सिकेसुनेका कुरा हत्तपत्त बिर्सिदैनन् । स्मरणशक्ति तेजिलो रहन्छ । दिमागमा बोझका पोकाहरूलाई स्थान दिने हो भने अन्य राम्रा कुराले स्थान पाउँदैनन् । जसरी बोझिल दिमाग र थकित शरीर लिएर सुतेर पनि रातभरि निदाएपछि मान्छे बिहान शारीरिक र मानसिक रूपले स्फूर्त भएर उठ्तछ । त्यसैगरी खेल पनि एउटा रिफ्रेसिङ्को माध्यम हो । चार्जिङ् भएपछि ऊ ऊर्जावान् भएर निस्कन्छ । खेल एउटा ध्यान पनि हो । यसमा बालकको मन र तनको योग हुन्छ । हो, खेल भनेको योग पनि हो । एउटा ध्यानले अर्को ध्यानलाई पनि प्रभावित पार्दछ । ध्यान एउटा आदत पनि हो । आदत बसिसकेपछि ध्यान नदिँदा पनि ध्यान लाग्न पुग्दछ । खेलमा ध्यानस्थ हुनसक्ने बालक पढाइमा पनि ध्यानस्थ हुन सम्भव छ । ध्यान जाग्न र लाग्नका लागि थालेको काममा रस आउन पर्छ । विद्यालयमा पढेको सम्झनु राम्रो हो । रातभरको सुताइबाट ताजा बनेको दिमाग लिएर गएको हुँदा विद्यालयमा दिमागी कसरत सहज भयो, पढाइमा रस आयो र ध्यान गयो । परिवेशजन्य मनोदशाले पनि त्यहाँको पढाइमा ध्यान तानिएको हुन्छ । दिनभरि पढिसकेर घर फर्किने बित्तिकै पढ्नका लागि दिमागमा फेरि त्यही ताजापन बाँकी रहेको हुँदैन । अब तत्कालको काम खेल्ने नै हो । मेरो तात्पर्य बालकलाई सदासर्वदा स्वच्छन्द छाडिदिने भन्ने होइन । राम्रा आदतहरू स्वतः निर्माण हुन्छन् भन्ने पनि होइन । त्यसका लागि हस्तक्षेप पनि आवश्यक हुन्छ । तर यो हस्तक्षेप बलात् गर्ने होइन । उसले हस्तक्षेप हो भन्ने पत्तै नपाउने गरी सारले र सुरले गर्नुपर्दछ । उसको रुचि र आवश्यकतालाई पक्रेर पढाइ तथा सिकाइलाई खेलजस्तो रमणीय पार्ने युक्तिको खोजी हुनुपर्दछ । सही कुराको प्रशंसा गर्ने र गलत कुरामा मौन रहने गर्नाले उसले सही काममा अग्रसर हुने प्रेरणा प्राप्त गर्दछ । बाटो बिराउँदा गाली गरिहाल्नु पर्दैन । यसो कर्के नजरले हेरे पुग्छ । बालकहरूले सङ्केतको भाषा बुझिहाल्छन् । अझ अनजानमा भएको गल्तीमा दण्डित गर्नु त अत्यन्त नकारात्मक हुन जान्छ ।

आजका मितिदेखि आफ्नो छोरालाई 'हावा छ' भन्न छाडिदिनोस् । कसैसित पनि यसो नभन्नुस् । भन्दै नभन्नोस् । मसित पनि अब उप्रान्त नभन्नोस् । बालकलाई पनि नभन्नोस् । उसको पनि मर्यादा हुन्छ । उसलाई बालोचित व्यवहार गर्नुस् । मान्छेहरूको माझमा बसेको बेला'यो हावा छ' भन्नुभयो भने उसले अपमान बोध गर्दछ । यसबाट उसमा हीनताभास पैदा हुन पनि सक्दछ अथवा भित्रभित्र ऊ तपाईंसित चिढिन पनि सक्दछ । उसलाई शान्त रहन दिनुस् । प्रसन्न रहन दिनुस् । गतिशील हुन छाडिदिनुस् । अर्तीको थुप्रो लगाएर हुँदैन । उसले बुझ्ने भाषामा कर्तव्यको औचित्य पुष्टि गर्नोस् र त्यो सिद्धिका निमित्त सहयोग गर्नुहोस् । संसार परिवर्तनशील छ । विवेकपूर्ण वात्सल्यद्वारा ऊभित्रको आत्मसम्मान र सिर्जनशीलतालाई सुरक्षित राख्नु भयो भने यो बालक मैदानका खेलको रसमा जसरी नै पुस्तकका ज्ञानको रसमा पनि डुब्नेछ । रसमा डुबेपछि पढ् पढ् भन्नै पर्दैन । यति भनिसकेर पुलुक्क उनीतिर हेरें । यो पटक भने बैनीको अनुहारमा झलमल्ल घाम लागेको थियो ।

-साहित्यपोस्ट डटकम

# गुल्मीमा पहिरोबाट ज्यान गुमाउनेका परिवारलाई राहत



**गुल्मी,** असार १९/पहिरोमा परी ज्यान गुमाएका परिवारलाई राहत उपलब्ध गराईको छ । गत शुक्रबार राति मालिका गाउँपालिका-६ अर्जेमा गएको पहिरोमा पुरिएर ज्यान गुमाएको परिवारलाई प्रदेश र संघीय सरकारले ११ लाख रुपैयाँ राहत उपलब्ध गराएको हो ।

दुबै सरकारको तर्फबाट प्राप्त सो राहत रकम जिल्ला प्रशासन कार्यालयले उक्त परिवारलाई उपलब्ध गराएको छ । अर्जेस्थित कडेलपाटामा एकै परिवारका ५ जनाको मृत्यु भएको थियो । संघीय सरकारको तर्फबाट प्रतिव्यक्ति १/१ लाख र एकै परिवारका ५ सदस्यको मृत्यु भएकोले थप १ लाख तथा प्रदेश सरकारका तर्फबाट प्रतिव्यक्ति १/१ लाख राहत हस्तान्तरण गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । स्थानीय भेषबहादुर विकको घर पहिरोले पुरिँदा ५ जनाको मृत्यु भएको थियो । विकको ढुङ्गा माटोको २ तले टिनले छाएको घरमा एक्कासी माथिबाट ढुङ्गा ,माटो सहितको पहिरो खसी घर पुरिन जाँदा घरमा रहेका भेषबहादुर सहित ५ जनाको ज्यान गएको हो ।

पहिरोमा पुरिएर ५५ वर्षीय भेषबहादुर विक, उनकी श्रीमती ४८ वर्षीया सुन्तली विक, बुहारी २६ वर्षीया सिता विक, नातिनिहरु ८ वर्षीया सपना विक र ८ महिनाकी बिपना विकको मृत्यु भएको थियो । घरमा बसेका सबै सदस्यको मृत्यु भएपछि उनका तीनभाई छोराहरु अहिले जेठो बुवाको घरमा बसेर किरिया बसेका छन् । उनीहरु भारतमा रोजगारीमा रहेकाले बच्न सफल भए ।

# एसईईमा उत्तीर्ण विद्यार्थीलाई होराइजनले गऱ्यो सम्मान



**पाल्पा,** असार १९/न्यू होराइजन आवासीय मावि पाल्पाले एसईईमा उत्तीर्ण विद्यार्थीहरुलाई सम्मान गरेको छ । स्कूलले एक औपचारिक कार्यक्रमकाबिच उत्तीर्ण विद्यार्थीहरुलाई बधाईसँगै सम्मान गरेको हो ।

न्यु होराइजन ईन्स्टिच्युट बुटवलका प्राचार्य लोकनाथ उपाध्यायले उत्तिर्ण विद्यार्थीहरुलाई खादा र मायाको चिनोले सम्मान गरेका थिए । विद्यार्थीहरुलाई सम्मान गर्दै प्रमुख अतिथि समेत रहेका उपाध्यायले विद्यार्थी र शिक्षकहरुको मेहनतका कारण विद्यार्थीहरुले उत्कृष्ट नतिजा ल्याउन सफल भएको बताए । उनले एसईईमा जिल्लामै धेरै विद्यार्थी विद्यार्थी उत्तीर्ण गराउन सफल भएकोमा अभिभावक, शिक्षक र विद्यार्थीहरुलाई हार्दिक आभार व्यक्त गर्दै धन्यवाद समेत दिए ।

प्रमुख अतिथि उपाध्यायले विद्यालयको शैक्षिक गुणस्तरका कारण होइराजनमा अध्ययनरत विद्यार्थीहरु अब्बल बन्ने गरेको उल्लेख गरे । कार्यक्रममा शिक्षक हुमप्रसाद श्रेष्ठले विद्यार्थीहरुलाई बधाई दिर्दै होराइजनमा राम्रो पढाइ हुँदै आएको बताए । विद्यालयका प्राचार्य डाँसुराम पन्थले विद्यार्थी र शिक्षकहरुको लगाव र मेहनतका कारण हरेक वर्ष विद्यालयले उत्कृष्ट नतिजा ल्याउन सफल भएको बताए । विद्यार्थीहरु रिया बस्याल र रेसम भट्टराईले विद्यालयका शिक्षकहरुको कूशलता र दक्षताका कारण आफुहरुले परीक्षामा राम्रो नतिजा ल्याउन सफल भएको बताए । यस वर्ष विद्यालयले ८७ जना विद्यार्थी परीक्षामा सहभागी गराएकोमा ७२ जना उत्तीर्ण गराउन सफल भएको शिक्षक राजेन्द्र लिगलले जानकारी दिए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष निर्मल प्रसाद लाकोलको अध्यक्षता, प्राचार्य डाँसुराम पन्थको स्वागत, शिक्षक कृष्ण ज्ञवालीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## सहमति देश...

...सभापति श्रेष्ठले माओवादीलाई शान्ति प्रक्रियामा ल्याएर संघीयता स्थापना गर्नमा कोइरालाको ठूलो योगदान रहेको बताए । उनले भने, 'स्व कोइरालाले लोकतन्त्र स्थापनामा गर्नुभएको योगदानलाई नेपाली जनताले कहिले बिर्सन सक्दैनन् ।'

बैंठकमा नेपाली काँग्रेस लुम्बिनी प्रदेशका सदस्य कृष्ण प्रसाद अधिकारी, विष्णु मायाँ ढकाल, काँग्रेस महासमिति सदस्य एवं रामपुर नगरपालिकाका प्रमुख रमणबहादुर थापा, उपप्रमुख बालकुमारी थापा, नेपाली काँग्रेस पाल्पाका पूर्व सचिव माधव नेपाल लगायतले आ-आफ्नो धारणा राखेका थिए । बैठकमा पार्टीका क्रियाशिल सदस्यहरुलाई सदस्यता वितरण गरिएको थियो । बैठकको अवसरमा नेपाली काँग्रेस रामपुर नगर कार्यसमितिले विपि कोईराला स्मृति अक्षयकोष घोषणा गरेको छ । कोषको लागि जिल्ला सभापति हिमालदत्त श्रेष्ठले ११ हजार १ सय ११ घोषणा गरेका छन् । नेपाली कांग्रेस रामपुर नगर कार्यसमितिका सभापति नेत्र प्रसाद भट्टराईको अध्यक्षता, रामपुर -६ का वडा सभापति गोविन्द प्रसाद देवकोटाको स्वागत र नगर सचिव चिरञ्जीवि सिग्देलको सञ्चालनमा बैंठक भएको थियो ।

## खेलकुद समाचार

# पोर्चुगल र फ्रान्स क्वाटर फाइनलमा




**काठमाडौ,** असार १९/पोर्चुगल र फ्रान्स युरोकप फुटबलको क्वाटरफाइनलमा पुगेका छन् । बुधबार बिहान भएको खेलमा स्लोभेनियालाई हराउँदै पोर्चुगल युरोकप फुटबलको क्वाटरफाइनलमा प्रवेश गरेको हो ।

फ्रान्कफर्टमा भएको खेलमा निर्धारित समय र अतिरिक्त ३० मिनेटमा पनि गोल नहुँदा खेल पेनाल्टीमा गएको थियो । पोर्चुगलका गोलरक्षक डिओगो कोस्टाले तीन पेनाल्टी विफल पार्दा स्लोभेनिया ३-० ले पराजित भएको हो । पोर्चुगलले अब क्वाटरफाइनलमा फ्रान्ससँग खेल्नेछ ।

यसअघि भएको अर्को खेलमा फ्रान्सले बेल्जियमलाई १-० ले हराएर क्वाटरफाइनलमा पुगेको हो । डसेलडोर्फमा भएको खेलमा बेल्जियमले गरेको आत्मघाती गोलको मद्यतमा फ्रान्सले जितेको हो । यसअघि जर्मनी, स्पेन, स्विटजरल्यान्ड र इङ्ल्यान्ड क्वाटरफाइनलमा पुगिसकेका छन् । युरोकप फुटबलमा आज रोमानियाले नेदरल्यान्ड्स तथा अष्ट्रियाले टर्कीसँग खेल्नेछ ।

## अर्थ/कर्पोरेट समाचार

# सुनको मूल्य बढ्यो




**पाल्पा,** असार १९/सुनको मूल्य बढेको छ । बुधबार सुनको मूल्य तोलामा ४ सय रूपैयाँ र चाँदी तोलामा २० रुपैयाँले बढेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार छापावाला सुन प्रतितोला १ लाख ४२ हजार ७ सय रुपैयाँमा कारोबार भइरहेको छ । मंगलबार छापावाला सुन प्रतितोला १ लाख ४२ हजार ३ सय रुपैयाँमा कारोबार भएको थियो । तेजावी सुन प्रति तोला १ लाख ४२ हजार रुपैयाँमा कारोबार भइरहेको छ । मंगलबार तेजावी सुन प्रतितोला १ लाख ४१ हजार ६ सय रुपैयाँमा कारोबार भएको थियो । सोमबारको तुलनामा मंगलबार सुनको मूल्य प्रतितोला एक सय रुपैयाँ र चाँदी प्रतितोला १५ रुपैयाँले बढेको थियो । मंगलबारको तुलनामा सुनको मूल्य ४ सय र चाँदीको मूल्य २० रुपैयाँले बढेको महासंघले जनाएको छ । चाँदी प्रतितोला १ हजार ८ सय २५ सय रुपैयाँमा कारोबार भइरहेको महासंघले जनाएको छ । मंगलबार चाँदी प्रतितोला १ हजार ८ सय ५ रुपैयाँमा कारोबार भएको थियो ।

पछिल्लो केही महिना यता सुनको भाउले विश्व बजार नै तातेको छ । अन्तर्राष्ट्रिय बजारमा एकपछि अर्को उचाइ लिएको सुनले नेपालमा पनि नयाँ कीर्तिमान बनाइरहेको छ । अन्तर्राष्ट्रिय कमोडिटी बजारमा हुने माग र आपूर्तिले सुनको मूल्य निर्धारण हुन्छ । जब अन्तर्राष्ट्रिय कमोडिटी बजारमा सुनको माग र आपूर्ति बढी प्रभावित हुन्छ, मूल्य पनि उच्च दरमा घटबढ हुन्छ । यतिबेला अन्तर्राष्ट्रिय बजारमा सीमित आपूर्तिबीच सुनको माग उच्च दरले बढ्दा मूल्यमा असर परिरहेको छ । नेपालमा हाल दैनिक २० किलो सुन आयात गर्न सक्ने व्यवस्था छ । वैदेशिक रोजगारमा रहेकाले ५० ग्रामसम्म सुनका गहना ल्याउन पाउने व्यवस्था छ । सुनको मूल्य बढ्दा नेपालबाट बाहिरिने विदेशी मुद्रा बढ्न जान्छ । विदेशी मुद्रा सञ्चिति घटेका बेला यसले नकारात्मक असर पार्न सक्छ ।

## साउनमा सकिदै...

...म्याद सकिने अवस्थामारहेकाले अब यो योजना कसरी सम्पन्न गर्न सकिन्छ, कसरी अगाडि बढ्ने भन्ने विषयमा छलफल चलिरहेको योजना उनले बताए । 'नयाँमा अघि बढ्दा पनि समय लाग्ने हुन्छ, ५२ प्रतिशत सकिएको अवस्था छ, हालकै निर्माण कम्पनीबाट काम गरिसक्नुनैराम्रो हुनसक्छ', उनले भने, 'छलफल अघि बढ्दै छ, मुख्य कुरा अब यसको थप प्रगति कसरी छिटो हासिल गर्न सकिन्छ भन्ने नै हो ।' सूचना अधिकारी खनालका यस खण्डमा पर्ने ठूला १२ वटा पुलमध्ये नौवटामा 'स्ल्याब'राख्नेसम्मको काम भएको छ । तीन वटाको समेत काम सुरु गरिएको छ । साना २२ वटा पुल निर्माण गर्नुपर्नेमा सबैको काम सम्पन्न भएको उनले बताए । नारायणगढ-बुटवल खण्डको एक सय १३ किलोमिटर सडक अन्तर्गत पूर्वी खण्डमा ६५ किलोमिटरमध्ये बजार क्षेत्रमा सर्भिस लेनसहित छ, दाउन्ने खण्डमा तीनर अन्य क्षेत्रमा चार लेनको सडक निर्माण गर्ने गरी काम अघि बढिरहेको छ । करिब १७ अर्ब लागतमा निर्माणको काम जारीरहेको यो योजना लामो समयसम्म निर्माण सम्पन्न नहुँदा यात्रा गर्ने यात्रुर चालकले सास्ती खेप्दै आएका छन् । वर्षा सुरु भएसँगैराजमार्ग हिलाम्य भएको छ । वर्षामा चोरमारा -अरुणखोला-दुम्किबास, जंगल क्षेत्रमारातोमाटो भएको स्थानमा सडक चिप्लो हुँदा पटक-पटक सडक अवरुद्ध हुने गरेको छ । अन्य स्थानमा समेत सडक हिलो हुँदा यात्रा कष्टपूर्ण हुने गरेको छ । दाउन्ने क्षेत्रमा समेत वर्षाका कारण सडक चिप्लो हुँदा सडक अवरुद्ध हुने गरेको छ । तर दाउन्नेभन्दा अहिले चोरमार, अरुणखोला, दुम्किबासको जंगल क्षेत्रमारातो माटोका कारण सडक चिप्लो भएर अवरुद्ध हुने जोखिमरहेको योजना प्रमुख मगरले बताए । रातो माटोका कारण यातायात अवरुद्ध हुने जोखिमरहेको ठाउँमा निर्माण कम्पनीलाई ग्राभेल थप्न भनेको उनले बताए ।

वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई